# पालिकाको राजस्व प्रशासन सुदृढीकरण कार्यक्रम

## पालिकाको लागि हातेपुस्तिका

REVENUE ADMINISTRATION IMPROVEMENT PROGRAM FOR LOCAL GOVERNEMENT HANDBOOK




### पृष्ठभूमि

सङ्घीय संविधानको कार्यान्वयन र पहिलो स्थानीय तहको निर्वाचनपश्चात् स्थानीय तहहरुलाई संवैधानिक तथा कानुनी रूपमा वित्तीय अधिकार अन्तर्गत कर तथा गैरकर राजस्व परिचालनको अधिकार निक्षेपण गरिएको छ । स्थानीय तह (नगरपालिका तथा गाउँपालिका) को समग्र बजेट प्रणालीभित्र आन्तरिक राजस्वको योगदान अत्यन्त (न्यूनतम १ देखि अधिकतम १५ प्रतिशत) न्यून रहेको अवस्था छ । यसै तथ्यलाई मध्यनजर गरी स्थानीय तहको सरकारको क्षमता विकासका क्षेत्रमा क्रियाशील विभिन्न सरकारी तथा गैरसरकारी सहयोगी हातहरुको सहकार्यमा नगरपालिका तथा गाउँपालिकाहरुको राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan RIAP) बनाउने अभियान सञ्चालन गरिएको पाइन्छ ।

प्राय:जसो यस राजस्व सुधार कार्ययोजना अन्तर्गत कर राजस्व, गैरकर राजस्व र राजस्व प्रशासन क्षेत्रमा गरिनुपर्ने सुधारात्मक कामहरुको सिफारिस गरिएको पाइन्छ तर कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक नीतिगत, व्यवस्थापकीय र प्राविधिक विषयहरुमा आवश्यक क्षमताको अभाव हुँदा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई आन्तरिक राजस्व सङ्कलन तथा समग्र बजेट प्रणालीमा आन्तरिक आयको योगदान वृद्धि भएको अत्यन्त कम उदाहरण रहेको छ ।

### कार्यक्रमको औचित्य तथा आवश्यकता :

आन्तरिक राजस्व परिचालनका दृष्टिमा स्थानीय तहहरु अत्यन्त कमजोर रहेको पाइन्छ। वर्तमान अवस्थामा पालिकाहरुको हकमा करिब ८० देखि ९० प्रतिशत राजस्वको आधार अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत प्राप्त हुने विविध अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने आम्दानीमा निर्भर रहेको पाइन्छ। अधिकांश पालिकाहरु (नगर तथा गाउँपालिकाहरु) आफ्नो प्रशासनिक तथा सञ्चालन खर्चसमेत धान्न सक्ने अवस्था नरहेको हुँदा स्थानीय तहको चालु खर्च तथा सञ्चालन खर्च आन्तरिक राजस्वबाट धान्न सक्ने अवस्थामा पुऱ्याउनु आवश्यक हुन्छ। यसर्थ स्थानीय तहको सरकारलाई सबल र सशक्त बनाउन तथा स्रोत परिचालनमा आत्मनिर्भर बनाउन आन्तरिक राजस्व परिचालनमा आमूल परिवर्तन आवश्यक छ। स्थानीय तहको प्रशासनतर्फको चालु र सञ्चालन खर्च आन्तरिक स्रोतबाट धान्न सक्ने अवस्था सृजना गरी अन्तर सरकारी वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँट लगायतका अन्य स्रोतबाट प्राप्त हुने सम्पूर्ण स्रोतलाई शतप्रतिशत पुँजीगत क्षेत्रमा लगानी गर्न सक्ने अवस्थासम्म पुऱ्याउन पालिकाहरुमा राजस्व प्रशासन सुदृढीकरण कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

## कार्यक्रमको उद्देश्य

- स्थानीय तहको आन्तरिक राजस्व परिचालन तथा प्रशासनको अवस्था विश्लेषण गर्ने।
- स्थानीय तहको राजस्व सुधार कार्ययोजनाको समीक्षा तथा कार्यान्वयन गर्ने।
- आन्तरिक राजस्व परिचालन तथा प्रशासनका लागि आवश्यक नीतिगत तथा कानुनी उपकरणहरूको व्यवस्थापन गर्ने।
- आन्तरिक राजस्व परिचालन तथा प्रशासनका लागि आवश्यक संस्थागत, जनशक्ति तथा प्राविधिक क्षमता र विद्यमान क्षमताको मापन गरी नपुग क्षमता अभिवृद्धिमा गर्ने।
- आन्तरिक राजस्व वृद्धिका लागि व्यवहारिक ज्ञान, सिप तथा क्षमता अभिवृद्धिका लागि राजस्वसँग सम्बन्धित शाखा तथा जनशक्तिसँग स्थलगत रूपमा सहकार्य गर्ने।
- राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल र समन्वयको स्तर अभिवृद्धि गर्ने।
- स्थानीय तहको आन्तरिक राजस्व सङ्कलनमा वृद्धि ल्याउन।

## कार्यक्रम सञ्चालनका लागि पालिकाको पूर्व तयारी

राजस्व प्रशासन सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि सर्वप्रथम पालिका नीतिगत तथा कार्यक्रमगत रूपमा तयार हुनु आवश्यक छ। नीतिगत सुधारअन्तर्गत आफ्नो आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाई नयाँ स्रोतको पहिचान र वृद्धि गर्नुपर्छ। यसका लागि नीतिगत सुधार तथा कानुनी उपकरणहरूको विकास गर्नु आवश्यक छ। त्यसका बावजुद कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन, राजस्व क्षमता सुधारका लागि संस्थागत क्षमता विकास, प्रक्रियागत सुधार, जनशक्तिको क्षमता विकास तथा नवीनतम प्रविधिको उपयोगसहित सेवाकरार, व्यवस्थापन करार, लिज जस्ता व्यवस्थापनका नवीनतम विधिहरू उपयोग गर्ने वातावरणको निर्माण गर्नु जरुरी छ। राजस्व परिचालनका क्षेत्रमा लगानी वृद्धि जस्ता विषयहरूमा स्पष्ट हुनु पनि आवश्यक छ। यसै गरी राजस्व सुधार कार्ययोजना तर्जुमा र कार्यान्वयनप्रतिको तत्परता तथा राजस्व प्रशासन सुधारप्रतिको जनप्रतिनिधिहरूको इच्छाशक्ति पनि उत्तिकै आवश्यक रहन्छ।

## कार्यक्रम कार्यान्वयनका चरणहरू

यसै तथ्यलाई मध्यनजर गरी नगरपालिकाहरूको राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन र आन्तरिक राजस्व सङ्कलनलाई वृद्धि गर्न आवश्यक प्राविधिक क्षमता सुधार गर्ने उद्देश्यले जर्मन बिकास नियोग अन्तर्गत CDSG/giz को पहलमा भेरीगङ्गा, बडीमालिका र राजापुर नगरपालिकामा राजस्व प्रशासन सुदृढीकरण आयोजना कार्यान्वयन गरिएको थियो।

## राजस्व प्रशासन सुदृढीकरण कार्यक्रम कार्यान्वयनका चरणहरू





## पहिलो चरण

यस चरणमा पालिकाको आन्तरिक राजस्व परिचालन अन्तर्गत विगत तथा वर्तमान अवस्था, चुनौती र सम्भावनाको विश्लेषणका आधारमा तयार गरिएको राजस्व सुधार कार्ययोजना, प्रक्षेपण लक्ष्य र सो लक्ष्य पूरा गर्नका लागि सिफरिस गरिएका कर, गैरकर तथा समग्र राजस्व प्रशासनको सुधारका क्षेत्र सम्बन्धमा अभिमुखीकरण र कार्ययोजना कार्यान्वयनका लागि आवश्यक नीतिगत, कानुनी, व्यवस्थापकीय, प्रशासनिक र प्राविधिक क्षमताको आँकलन गर्ने ।

## दोस्रो चरण

यस चरणमा राजस्व सुधार कार्ययोजना कार्यान्वयनका सन्दर्भमा नीतिगत, कानुनी व्यवस्था तथा प्रविधिको उपयोगसम्बन्धी क्षमता खाडलको (Capacity Cap) विश्लेषण, आवश्यक राजस्वसम्बन्धी नीति र कानुनको मस्यौदा तर्जुमा गर्ने गरिन्छ। सामान्यतया पालिकाहरु आर्थिक ऐन (दरको कानुन) का आधारमा मात्र समग्र राजस्व प्रशासन सञ्चालन भइरहेको अवस्था छ। यसलाई मध्यनजर गरी संविधान तथा कानुनले व्यवस्था गरेका कर तथा गैरकर राजस्व अधिकारलाई स्थानीय परिवेशअनुसार प्रभावकारी रुपमा कार्यान्वयन गर्न र राजस्व प्रशासनसँग सम्बन्धित सबै कामहरु कानुनसम्मत ढङ्गबाट सञ्चालन गर्न राजस्वसँग सम्बन्धित प्रमुख सरोकारवालाहरुसँगको सहभागितामा कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, सम्पति कर, व्यवसाय कर तथा घरबहाल कर जस्ता महत्वपूर्ण कर राजस्व क्षेत्रलाई व्यवस्थित गर्न आवश्यक सम्पत्ति कर, व्यवसाय कर तथा घरबहाल कर व्यवस्थापन कार्यविधि जस्ता कानुनहरुको मस्यौदा, प्रविधिको उपयोगको अवस्था विश्लेषणका आधारमा नयाँ जडान वा जडित प्रविधिको परिमार्जन वा अद्यावधिक गर्ने काममा पालिकालाई पृष्ठपोषण गर्ने कार्यहरु गर्ने गरिन्छ।

## तेस्रो चरण

यस चरणअन्तर्गत पालिकाको राजस्व वृद्धिका लागि नीतिगत सुधार, कानुन कार्यान्वयन, प्रविधिको अधिकतम उपयोगका क्षेत्रमा विद्यमान क्षमता खाडल (Capacity Cap) मा आवश्यक सुधारका लागि जनप्रतिनिधि, कर्मचारीलगायत स्थानीय उद्योग वाणिज्य क्षेत्र, राजस्व क्षेत्रसँग सम्बन्धित सरकारी गैरसरकारी क्षेत्रका सरोकारवालाहरुसमेतको सहभागितामा विषयक्षेत्रगत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने गरिन्छ।

## चौथो चरण

यस चरणमा पालिकाको आधिकारिक निकाय तथा तहबाट नीतिगत तथा कानुनको स्वीकृति तथा प्रकाशन, राजस्व सुधार क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा लगानी, कार्यान्वयन कार्यतालिकासहितको कार्ययोजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण, स्थलगत रुपमा शाखा, उपशाखा, एकाइलाई प्रत्यक्ष प्राविधिक सहयोग प्रदान गर्ने गरिन्छ।

## पाँचौं चरण

माथि उल्लेखित प्रत्येक चरणमा परिभाषित गरिएका कार्यक्रमहरु विधिसम्मत ढङ्गबाट सञ्चालन भए नभएको र अपेक्षित नतिजा प्राप्त भए नभएको अनुगमन र मूल्याङ्कनका आधारमा समीक्षा तथा सुधारका लागि पृष्ठपोषण गर्ने कार्य यस चरणमा गर्ने गरिन्छ।

## कार्यक्रम कार्यान्वयनका समयावधि

पालिकाको राजस्व प्रशासन सुदृढीकरण कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि न्यूनतम ३ देखि अधिकतम ६ महिना सम्मको समय लाग्ने गर्दछ ।

## कार्यक्रमबाट प्राप्त हुने उपलब्धिहरू

- सरोकारवालाहरू तथा पालिकाको समग्र स्रोत परिचालनमा आन्तरिक स्रोतको योगदानको अवस्था, आन्तरिक स्रोत (कर तथा गैरकर) परिचालनका क्षेत्र, विद्यमान नीतिगत र कानुनी समस्याहरू, सम्भावना र पालिकाले अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी तथा व्यवस्थापकीय सुधार, प्रविधिको उपयोगका बारेमा बुझाइको स्तरमा सुधार आउनेछ।
- पालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि अवलम्बन गर्नुपर्ने नीतिगत सुधारका क्षेत्र र ऐन नियम तथा कार्यविधिहरू जस्ता कानुनी उपकरणहरूको आवश्यकता महसुस, तर्जुमाका लागि आवश्यक क्षमता सम्बन्धमा थप स्पष्टता आउनेछ।
- राजस्व वृद्धिका लागि आवश्यक संस्थागत जनशक्ति तथा प्रविधिगत क्षमता र पालिकामा उपलब्ध क्षमताबिचको अपुग क्षमता परिपूर्तिका लागि पालिकाले क्षमता अभिवृद्धिमा गर्नुपर्ने कार्यक्रमहरूका बारेमा थप स्पष्ट भई क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न मद्दत हुनेछ।
- राजस्व परिचालनलाई छिटो छरितो र करदाता मैत्री बनाउन सूचना प्रविधिको अधिकतम उपयोगको अवस्था बनाउन सफल हुनेछ।
- करदाताहरूको करसम्बन्धी डाटा अद्यावधिक भएको हुनेछ। फलस्वरूप पालिकाकाले करको दर निर्धारण गर्न तथा वार्षिक बजेट तर्जुमा गर्दा आन्तरिक राजस्वको प्रक्षेपणमा सुधार हुने छ।
- समग्रमा पालिकाको आन्तरिक राजस्वमा अभिवृद्धि हुने छ।




The Nepal-German Capacity Development Support to Governance (CDSG) Programme led by the Ministry of Federal Affairs and General Administration and supported by GIZ on behalf of BMZ.